ऐन संख्या- २

# मेरिङ्देन गाउँपालिकाको आर्थिक ऐन, २०७६

**गाउँ सभाबाट स्वीकृत मिति : २०७६/०३/१० गते**

**मेरिङ्देन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**सान्थाक्रा, ताप्लेजुङ**

**१ नं. प्रदेश, नेपाल**

## मेरिङदेन गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना:** मेरिङदेन गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ दफा ५४ मा भएको व्यवस्था र १ नं. प्रदेश कानून बमोजिम मेरिङदेन गाउँपालिकाको गाउँ सभाबाट पारित गरी आर्थिक ऐन बनाईएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम “मेरिङदेन गाउँपालिकाको आर्थिक ऐन, २०७६” रहेको छ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि मेरिङदेन गाउँपालिका क्षेत्र ताप्लेजुङमा लागू हुनेछ।

२. **सम्पत्ति (घर जग्गा) वहाल कर:** गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची -१ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ।

३. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवाको दर्ता र नविकरण गर्न अनुसूची -२ बमोजिम कर लगाई असूल उपर गरिनेछ। एउटै पसल, फर्म वा कम्पनीले अनुसूचीमा उल्लिखित विवरण अनुसार एक भन्दा बढी किसिमका वस्तु तथा सेवाको व्यवसाय गरेको भएमा अधिकतम दर भएको व्यवसायको व्यवसाय कर असुल उपर गरिने छ।

४. **जडिबुटी तथा कबाडी कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटीको व्यवसायिक कारोवार गरेवापत् अनुसूची -३ बमोजिमको जडिबुटी तथा कबाडी कर लगाइने र असूल उपर गरिनेछ।

५. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-४ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सोहि कानूनमा अन्यथा व्यवस्था भएको हकमा सोही बमोजिम हुनेछ।

६. **मनोरञ्जन कर:** १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७६ मा भएको व्यवस्था बमोजिम हुनेछ।

७. **सेवा शुल्क र दस्तुर:** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची -५ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम कर, शुल्क वा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

८. **पर्यटन शुल्क:** उद्यम, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदाको उपयोग वापत अनुसूची -६ र १ न. प्रदेश सरकारको आर्थिक ऐन २०७६ मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

९. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्र भित्र रहेका ब्यक्तिहरुले आफ्नो नाममा रहेको जग्गा बापत अनुसूची -७ बमोजिमको भूमि कर(मालपोत) लगाइने र असूल उपर गरिनेछ।

१०. **दहत्तर बहत्तर कर:** ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, चुनढुङ्गा, खरी ढुङ्गा, अभ्रव र दहत्तर बहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७६ बमोजिम हुनेछ।

११. **जरिवाना:** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निषेध गरिएको सार्वजनिक क्षेत्र वा व्यापार व्यवसाय वा फोहोर मैला व्यवस्थापन, विवाद, झैझगडा,  द्वन्द्व बापत तथा यस ऐन र अन्य प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची -८ बमोजिमको जरिवाना गरी असुल उपर गरिनेछ।

१२. **घर जग्गा रजिष्ट्रेशन शुल्क:** १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७६ बमोजिम हुनेछ।

१३. **सवारी साधन कर:** १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७६ बमोजिम हुनेछ र टाँगा, रिक्सा, अटोरिक्सा र इ-रिक्साको सवारी कर लगाईने र असूल उपर गरिनेछ।

१४. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन। तर तीन भन्दा बढी व्यवसाय गर्ने व्यक्ति वा संस्थालाई अधिकतम तीन वटा व्यवसायमध्ये उच्चतम दरको कर लिई बाँकी व्यवसायको कर मिनाहा गरिनेछ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नका लागि यस ऐन सँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने छ।

१६. **अन्य व्यवस्था:** यस गाउँपालिकाका विषयगत शाखा वडा तथा अन्य कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवा सँग आवद्ध गरी अनिवार्य असूल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ। तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिवद्धता पत्र लिई सेवा प्रवाह गर्न बाधा पुगेको मानिने छैन।

१७. **ऐनको व्याख्या तथा खारेजी :**

(१) यस ऐनमा उल्लेख नभएका विषयको हकमा गाउँ कार्यपालिकाले करको दर व्याख्या गर्न सक्नेछ।

(२) गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानून तथा अन्य ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछ।

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने सम्पत्ति (घरजग्गा) वहाल करको दर**

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | कुनै पनि निजी व्यक्तिलाई घर कोठा बहालमा दिएमा, घरधनीले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा सम्झौता रकमको,कुनै पनि सार्वजनिक संस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा सम्झौता रकमको | १०% | |
| २. | एम्बुलेन्स भाडा दर | कार्यविधिमा व्यवस्थित गरिए बमोजिम | |
| ३. | JCB ब्याक हो लोडर भाडादर | | |

क. १५ दिन भन्दा लामो अवधिका लागि-

| (अपरेटर र इन्धन बाहेक) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कामको प्रकार | भाडा दर | | कैफियत |
| | | प्रति घण्टा | सिफ्ट | |
| १. | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा | १०००/- | ७०००/ | |
| २. | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित योजनाहरु | ११००/- | ७७००/- | |
| (अपरेटर सहित, ईन्धन वाहेक) | | | | |
| ३. | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा | १२००/- | | |
| ४. | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित योजनाहरु | १५००/- | | |
| (अपरेटर, ईन्धन सहित) | | | | |
| ५. | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा | २०००/- | | |
| ६. | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित योजनाहरु | २२००/- | | |

क. १५ दिनभन्दा छोटो अवधिका लागि-

| (अपरेटर र इन्धन बाहेक) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कामको प्रकार | भाडा दर | | कैफियत |
| | | प्रति घण्टा | सिफ्ट | |
| १. | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा | १५००/- | | |
| २. | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित योजनाहरु | २०००/- | | |
| (अपरेटर सहित, ईन्धन वाहेक) | | | | |
| ३. | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा | १७००/- | | |
| ४. | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित योजनाहरु | २०००/- | | |
| (अपरेटर, ईन्धन सहित) | | | | |
| ५. | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा | ३०००/- | | |
| ६. | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित योजनाहरु | ३५००/- | | |

क.(२) व्याक हो लोडर अपरेटर तथा सहायकको भत्ता दर-

| क्र.सं. | पद | भत्ता (प्रति घण्टा) | कैफियत |
|---|---|---|---|
| १. | व्याकहो लोडर अपरेटर | १५०/- | |
| २. | व्याकहो लोडर सहायक | ५०/- | |

अनुसूची - २
(दफा ३ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय दर्ता/नविकरण करको दर**

| क्र.सं. | विवरण | दर्ता/अनुमति | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १. | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५०० | २०० | |
| २. | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | १००० | ५०० | |
| ३. | तालिम हल, एट्याच ट्वाइलेट बाथरुम, वाईफाई सहितको होटल | ३००० | १५०० | |
| ४. | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | ५०० | २०० | |
| ५. | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज | २५०० | १००० | |
| ६. | कपडा/जुत्ता/चप्पल पसल, | १००० | ५०० | |
| ७. | नर्सरी (फलफूल, कृषिजन्य बोटबिरुवा उत्पादन बिक्रीवितरण), | ५०० | २०० | |
| ८. | मेडिकल/एग्रोभेट | १००० | ५०० | |
| ९. | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु)/ सम्बन्धी पसल | १००० | ५०० | |
| १०. | अलैंचि/अदुवा/सतुवा/जटामसि/बनजन्य तथा जडीबुटी कारोबार गरे वापत थप व्यवसाय | १००० | ५०० | |
| ११. | हार्डवेयर व्यवसाय | २५०० | १००० | |
| १२. | भाँडाकुँडा पसल | २००० | १००० | |
| १३. | फर्निचर/ 'स' मिल व्यवसाय | ३००० | १५०० | |
| १४. | इन्धन व्यवसाय | २००० | १००० | |
| १५. | कस्मेटिक पसल, व्युटी पार्लर | १००० | ५०० | |
| १६. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल (PAN/ VAT दर्तावाला) | २००० | १००० | |
| १७. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ समेत बिक्रीवितरण गर्ने होटल | २००० | १००० | सिं नं. १,२ बाहेक |
| १८. | सुनचाँदी पसल | ३००० | १५०० | |
| १९. | मनी एक्स्चेन्जर (IME लगायत) | ३००० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| २०. | कृषि सहकारी संस्था | ५०० | २०० | |
| २१. | विद्युत् सहकारी | ३००० | १५०० | |
| २२. | अन्य सहकारी तथा लघुवित्त | ३००० | १५०० | |
| २३. | बैंकिङ तथा बित्तीय कारोवारगर्ने संस्था | १०००० | ५००० | |
| २४. | एफ. एम. रेडियो | १०००० | ५००० | |
| २५. | सिनेमाघर | १०००० | ५००० | |
| २६. | ट्राभल्स एण्ड टुर्स, ट्रेकिङ एजेन्सी | ५००० | २००० | |
| २७. | कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिप फ्लायर, र्याफ्टिङ, पाराग्लाइडिङ | १०००० | ५००० | |
| २८. | केबलकार | ५०००० | १५००० | |
| २९. | फ्रेस हाउस | ५०० | २०० | |
| ३०. | स्टेशनरी | १००० | ५०० | |
| ३१. | ईलेक्ट्रोनिक्स पसल(मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलीका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु) | १००० | ५०० | |
| ३२. | टेलर, सैलुन, साइवर | ५०० | २०० | |
| ३३. | 'घ' वर्गको निर्माण व्यवसाय दर्ता/नविकरण | ३०००० | १५००० | |
| ३४. | अन्य व्यवसाय | ५०० | २०० | |

अनुसूची - ३

(दफा ४ सँग सम्बन्धित)

## गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने जडिबुटी, जीवजन्तु तथा कबाडी कर

**(क) कवाडी**

| **क्र.सं.** | **कवाडी** | **दररेट रु. (प्रति केजी)** | **कैफियत** |
|---|---|---|---|
| १. | कवाडी | ०.५ | |

**(ख) जीवजन्तु/ सबै प्रकारको माछा कर**

| **क्र.सं.** | **जीवजन्तु/ सबै प्रकारको माछा कर** | **वार्षिक दर रु.** | **कैफियत** |
|---|---|---|---|
| १. | श्रीगंगा बाट सक्राते सम्म | ४००० | |
| २. | सक्राते हुँदै नाल्बुको माथिल्लो सिमाना सम्म | १००० | |
| ३. | दोभान त्रिवेणी हुँदै श्रीगंगा सम्म | ४००० | |
| ४. | दोभान हुँदै हाङगुवा सम्म | ४००० | |
| ५. | हाङगुवा देखि माथिल्लो मेरिङदेनको सिमाना सम्म | १००० | |

**(ग) जडिबुटि कर**

| **क्र.सं.** | **जडिबुटी कर** | **बार्षिक दर** | **कैफियत** |
|---|---|---|---|
| १. | चिरेइतो, सतुवा, | ५०० | |

अनुसुची – ४

(दफा ५ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने विज्ञापन करको दररेटः**

**क) प्रदेश कानुनको अधिनमा रहि देहाय अनुसार विज्ञापन कर निम्नानुसार तोकिएको छ :**

१) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

३) बाटोको सीमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्वीर वा अक्षरको कर छुट हुने छैन ।

५) भवन, जमिन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन कर छुट हुने छैन ।

६) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा याङवरक गाउँपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रशार गर्न पाइने छैन ।

**ख) विज्ञापन करको दर :**

१) फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु.१०।-,

२) होर्डिङ्ग बोर्ड, नियोन साईन यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु.३०।-,

३) डिजिटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु. २०।-,

४) माल बाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वार फुट सम्मको लागि प्रति दिन रु.५०।-र स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामग्रीका लागि प्रति वर्ष वर्ग फुट रु.२५।-,

५) खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रीको अधिकतम १५ दिन र २० स्क्वार फुटकालागि प्रति दिन रु.५०।-,

६) सवारी साधनको छत (अधिकतम ३ फुट उचाइ सम्म मात्र ), दुई पाङ्ग्रा विचको भाग, पछाडीको सिसा (सिसाको जम्मा भाग मध्येको अधिकतम ५० प्रतिशत सम्म मात्र ) मुख्य झ्यालको माथि पट्टीको भेन्टीलेसनमा विज्ञापन प्रचार सामग्रीको प्रति स्क्वार फुट रु.५०।-

७) आकाशमा वेलुन, ज्याकटमा वा वेलुन बोकेर गरिने विज्ञापन (प्रतिदिन) रु.२५।-,

८) अन्यको हकमा प्रति वर्ग फिट प्रति वर्ष रु.१००।-

अनुसूची -५

(दफा ७ सँग सम्बन्धित)

**गाउँपालिकाले उपलब्ध गराएको सेवाबाट निम्नानुसारको सेवा शुल्क र दस्तुर लगाउने र असुल उपर गर्नेछ।**

(रुपैयाँमा)

| क्र.सं. | विवरण | आ.व. २०७६/०७७ | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | १०।- | |
| २ | व्यक्तिगत घटना दर्ता/सिफारिस ३५ दिनभित्र | निशुल्क | |
| ३ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५०।- | |
| ४ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि प्रतिलिपी | १००।- | |
| ५ | अस्थायी बसोबास सिफारिस | २००।- | |
| ६ | स्थायी बसोबास सिफारिस | ५००।- | |
| ७ | एकासगोल परिवार प्रमाणित सिफारिस | २००।- | |
| ८ | संरक्षक सिफारिस (व्यक्तिगत ) | ५०।- | |
| ९ | संरक्षक सिफारिस(संस्थागत ) | १००।- | |
| १० | जिवित रहेको सिफारिस | १००।- | |
| ११ | जन्म मिति संशोधन सिफारिस | १००।- | |
| १२ | व्यक्तिगत विवरण प्रमाणितसिफारिस | १००।- | |
| १३ | जन्म मिति प्रमाणित | १००।- | |
| १४ | विवाह प्रमाणित | १००।- | |
| १५ | अविवाहित प्रमाणित | २००।- | |
| १६ | सम्बन्ध विच्छेद सिफारिस | २००।- | |
| १६ | मृत्यू प्रमाणित | १००।- | |
| १७ | सम्बन्ध भएको/नभएको प्रमाणित | १००।- | |
| १८ | घर पाताल प्रमाणित | १००।- | |
| १९ | फरक फरक नाम, थर शिफारिस/प्रमाणित | १००।- | |
| २० | फरक फरक जन्म मिति प्रमाणित /शिफारिस | १००।- | |
| २१ | चालचलन राम्रो, तीनपुस्ते, सम्बन्धी सिफारिस नेपाली | २००।- | |
| २२ | चालचलन राम्रो, तीनपुस्ते, सम्बन्धी सिफारिस अँग्रेजी | ५००।- | |
| २३ | कागज मञ्जुरीनामा प्रमाणित | १००।- | |
| २४ | संरक्षक प्रमाणित | १००।- | |

| | | | |
|---|---|---|---|
| २५ | नाम, थर संसोधन शिफारिस | २००।- | |
| २६ | वैदेशिक रोजगार प्रमाणित खाडी मूलुक र मलेसिया र अन्य | २००।- | |
| २७ | वैदेशिक रोजगार प्रमाणित अमेरिका, क्यानडा, अस्ट्रेलिया, जापान,कोरिया, मकाउ, हङकङ, सिंगापुर, इजरायल, ब्रुनाई र युरोपियन मूलुक | २०००।- | |
| २८ | वैदेशिक रोजगार प्रमाणित इराक,अफगानिस्तान,सिंगापुर, इजरायल,लेबनान | १०००।- | |
| २९ | वैदेशिक भुतपूर्व सैनिक/प्रहरीको हकमा नाम थर एउटै/संशोधन प्रमाणित गर्ने सिफारिस (ब्रिटिश, सिँगापुर) | ३,०००।- | |
| ३० | वैदेशिक भुतपूर्व सैनिकको हकमा नाम थर एउटै/ संशोधन प्रमाणित गर्ने सिफारिस (भारत) | २,०००।- | |
| ३१ | पेन्सन पट्टा सम्बन्धि सिफारिस | | |
| | क) नेपालमा सेवारत | २००।- | |
| | ख) भारतमा सेवारत | ५००।- | |
| | ग) अन्य मुलुकमा सेवारत | २०००।- | |
| ३२ | नाता प्रमाणित सिफारिस (नेपाली) | १००।- | |
| ३३ | सर्जमिन गर्नुपर्नेका हकमा | ३००।- | |
| ३४ | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | २००।- | |
| ३५ | विपन्न विद्यार्थी छात्रबृत्ति प्रमाणित शिफारिस | निशुल्क | |
| ३६ | छात्रबृत्ति प्रमाणित सिफारिस | १००।- | |
| | छात्रबृत्ति प्रमाणित सिफारिस (वैदेशिक) | ५००।- | |
| ३७ | अपांग प्रमाणित सिफारिस | निशुल्क | |
| ३८ | जेष्ठ नागरिक, एकल महिला सिफारिस | निशुल्क | |
| ३९ | नाबालक सम्बन्धी सिफारिस (अमेरिका, क्यानडा, अष्ट्रेलिया जापान, कोरिया, मकाउ, सिंगापुर, हङकङ, ब्रुनाई र यूरोपियन मुलुक) | २५००।- | |
| ४० | नाबालक सम्बन्धी सिफारिस (हङकङ, मकाउ, दक्षिण कोरिया, सिँगापुर) | १५००।- | |
| ४१ | नाबालक सम्बन्धी सिफारिस (खाडी मुलुक र अन्य) | ५००।- | |
| ४२ | नाबालक सम्बन्धी सिफारिस (नेपाल र भारत) | २००।- | |
| ४३ | आन्तरीक बसाई सराई सिफारिस | ५००।- | |
| ४४ | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ४५ | सशुल्क स्वास्थ्य उपचार सिफारिस | १००।- | |
| ४६ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने | १५०।- | |

| | | | |
|---|---|---|---|
| ४७ | अन्य कार्यालयको माग अनुसार रोहबरमा बसी विवरण खुलाई पठाउन पर्नेमा | ५००।- | |
| ४८ | मोहि जग्गा वा अन्य नामसारी सिफारिस | ५००।- | |
| ४८ | मोही लगत कट्टा | ५००।- | |
| ४९ | घर कायम सिफारिस (व्यापारिक प्रयोजन) | १०००।- | |
| ५० | घर कायम सिफारिस (अन्य) | १००।- | |
| ५१ | जग्गा दर्ता सिफारिस (निषेधित बाहेक प्रति रोपनी) | १०।- | महिलाको हकमा ५० प्रतिशत छुट |
| ५२ | कित्ताकाट सिफारिस(प्रति रोपनी ) | १०।- | |
| ५३ | जग्गा नामसारी/किनबेच सिफारीस | १५०।- | महिलाको हकमा ५० प्रतिशत छुट |
| ५४ | अंशवण्डा सिफारिस (प्रति रोपनी ) | १०।- | |
| ५५ | जग्गाको हक सम्बन्धमा सिफारिस | २००।- | |
| ५६ | सरकारको नाममा बाटो कायम सिफारिस | १५०।- | |
| ५७ | सरकारको नाममा बाटो कायम सिफारिस | १५०।- | |
| ५८ | घर बाटो प्रमाणित, (मुल सडक अन्तर्गत ) | २००।- | |
| ५९ | घर बाटो प्रमाणित, (सहायक पिच सडक अन्तर्गत ) | १५०।- | |
| ६० | घर बाटो प्रमाणित, (कच्ची मोटर बाटो अन्तर्गत ) | १००।- | |
| ६१ | घर बाटो प्रमाणित, (गोरेटो बाटो नभएको समेत ) | ५०।- | |
| ६२ | चार किल्ला प्रमाणित | ५००।- | |
| ६३ | हकदार भएको प्रमाणित सिफारिस | २००।- | |
| ६४ | हकदार नभएको प्रमाणित सिफारिस | १००।- | |
| ६५ | जग्गा रेखाङ्कन सम्बन्धी रोहबरमा बस्ने | १००।- | |
| ६६ | जग्गा धनीपुर्जा हराएको शिफारिस | २००।- | |
| ६७ | पुर्जामा घर कायम गर्ने सिफारिस | १००।- | |
| ६८ | अमिन फिल्ड चेक दस्तुर (रुपैयाँ) | | |
| | १ रोपनी सम्म | १००।- | |
| | ५ रोपनी सम्म | २००।- | |
| | १० रोपनी सम्म | ३००।- | |
| | २० रोपनी सम्म | ४००।- | |
| | २० भन्दा माथी | ५००।- | |
| ६९ | घर सार्ने सिफारिस | | |
| ७० | क) अन्तरजिल्ला | १५००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७१ | ख) अन्तरस्थानीय तह | | | १०००।- | |
| ७२ | ग) अन्तरवडा | | | निशुल्क | |
| ७३ | छुट जग्गा दर्ता सिफारिस | | | | |
| | जग्गाको किसिम | पाखा | खेत | अलैची | |
| | विवरण | प्रति रोपनी | प्रति रोपनी | प्रति रोपनी | |
| | कर रकम | १००।- | १२०।- | १५०।- | |
| | घडेरी प्रयोजनको लागि प्रति आना | | | ५०।- | |
| ७४ | घर नक्शा | | | | |
| | क) घर नक्शा प्रतिलिपि १ सेट | | | ५००।- | |
| | ख) घरनक्शा अन्य कागजात प्रति पान नक्कल दस्तुर | | | १५।- | |
| | ग) सम्पन्न प्रमाणपत्र/ प्रतिलिपि (फोटो टाँसेको) | | | ५००।- | |
| | घ) घरनक्शा निवेदन फायल दस्तुर | | | ५००।- | |
| | घर नक्शा पास दस्तुर | | | | |
| | क) १००० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | | | १।- | |
| | ख) १५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | | | १.५।- | |
| | ग) २५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | | | २।- | |
| | घ) २५०१ भन्दा माथि रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | | | २.५।- | |
| | ङ) सिमेन्ट जोडाई कम्पाउड प्रति रनिंग फिट | | | ०.५।- | |
| | च) गिलेवा जोडाई प्रति वर्ग फिट | | | ०.५।- | |
| | छ) काठै काठको घर प्रति वर्ग फिट | | | ०.५।- | |
| | ज) टिनको छानो सिमेन्ट ईटा जोडाई प्रति वर्ग फिट | | | ०.५।- | |
| | झ) फलामको खम्बाभई टिनको छानो (ट्रस्ट) बाट बनेको प्रति वर्ग फिट | | | १।- | |
| | ञ) घर अभिलेखिकरण प्रति वर्ग फिट | | | १।- | |
| ७५ | घर नक्सा म्याद थप दस्तुर | | | | |
| | पास भएका घरहरुको म्याद भित्र काम सम्पन्न नभएमा म्याद थप गर्न ५ प्रतिशत थप दस्तुर लाग्नेछ। | | | | |
| ७६ | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | | | २।- | |
| ७७ | भवन निर्माण स्वीकृती आवाशीय प्रयोजनको लागि प्रति वर्ग फुट | | | ०.५।- | |
| ७८ | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्सा स्वीकृति नलिई निर्माण भै सकेको भवनको र जरिवाना गरी नक्सा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | | | १.५।- | |
| ७९ | भवन नक्सा नामसारी दस्तुर | | | ५००।- | |

| | | | |
|---|---|---|---|
| ८० | भवन निर्माण अनुमति दस्तुर | ५००।- | |
| ८१ | भवन निर्माण नक्सा पास | १०००।- | |
| ८२ | नक्सा पास निवेदन फारम दस्तुर | १००।- | |
| ८३ | नक्सा पास नक्कल दस्तुर | १००।- | |
| ८४ | निर्माण सम्पन्न प्रमाणपत्र (व्यवसायीक) | ५००।- | |
| ८५ | निर्माण सम्पन्न प्रमाणपत्र (आवासीय) | २००।- | |
| ८६ | घरको स्थलगत सर्जमिन र अमिन रेखाङकन | ५००।- | |
| ८७ | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) कच्ची | १००।- | |
| ८८ | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) पक्की | ५००।- | |
| ८९ | घर नामसारी (प्रतिघर) | ५००।- | |
| ९० | घरबाटो सिफारिस प्रतिलिपि | ५०।- | |
| ९१ | घरको अवस्था प्रमाणित प्रति वर्ग फिट | २।- | |
| ९२ | आर्थिक अवस्था सम्बन्धी सिफारिश (बलियो) | १५००।- | |
| ९३ | आर्थिक अवस्था सम्बन्धी सिफारिश (कमजोर) | निशुल्क | |
| ९४ | वार्षिक चल आय प्रमाणित सिफारिस (थप एकाईमा थप नहुने) | | |
| | १ देखी ५ लाख रुपैयाँ सम्म | २००।- | |
| | ५लाख देखी १० लाख रुपैयाँ सम्म | ५००।- | |
| | १० देखी २० लाख रुपैयाँ सम्म | १५००।- | |
| | २० देखी ५० लाख रुपैयाँ सम्म | २०००।- | |
| | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ३०००।- | |
| | १ करोड रुपैयाँ भन्दा माथी | ५०००।- | |

वार्षिक अचल सम्पत्ति मूल्याङ्कन सिफारिसगर्दा घर जग्गा कर देहाय बमोजिम तोकिएको छः-

क) जग्गा कर (रुपैयाँमा)

| क.स | विवरण(प्रत्येक एकाईको एकामुष्ठ, थप नलाग्ने) | आ.ब. २०७५/०७६ को |
|---|---|---|
| क) | रु.५ लाख रुपैयाँ सम्मको | ५०० |
| ख) | (५-१०) लाख रुपैयाँ सम्मको | १००० |
| ग) | (१०-२०) लाख रुपैयाँ सम्मको | १५०० |
| घ) | (२०-३०) लाख रुपैयाँ सम्मको | २००० |
| ङ) | (३०-५०) लाख रुपैयाँ सम्मको | २५०० |
| च) | (५०-१००) लाख रुपैयाँ सम्मको | ३००० |
| छ) | १ करोड भन्दा माथि जतिसुकै रुपैयाँ | ३५०० |

| | | | |
|---|---|---|---|
| ९५ | बहाल कर लेखाजोखा सिफारिस | १००।- | |

| | | | |
|---|---|---|---|
| ९६ | नागरिकता सिफारिस (वंशज) | २००।- | |
| ९७ | नागरिकता प्रतिलिपी सिफारिस | ३००।- | |
| ९८ | नागरिकता प्रतिलिपी सिफारिस दुई पटकभन्दा बढी प्रतिलिपि | ३००।- | |
| ९९ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | १०००।- | |
| १०१ | नागरिकतामा विवरण संसोधन सिफारिस | ३००।- | |
| १०२ | नागरिकतामा विवरण संसोधन सिफारिस (वैदेशिक) | १०००।- | |
| १०३ | नयाँ नागरिकता सर्जमिन/मुचुल्का | ३००।- | |
| १०४ | विद्युत जडान सिफारिस (नक्सा पास भएको) | १००।- | |
| १०५ | विद्युत जडान सिफारिस (नक्सा पास नभएको) | २००।- | |
| १०६ | धारा जडान सिफारिस (नक्सा पास भएको ) | १००।- | |
| १०७ | धारा जडान सिफारिस (नक्सा पास नभएको ) | २००।- | |
| १०८ | टेलिफोन जडान सिफारिस(नक्सापास भएको) | १००।- | |
| १०९ | टेलिफोन जडान सिफारिस (नक्सा पास नभएको) | २००।- | |
| | टेलिफोन नामसारी ठाउँसारी | १००।- | |
| ११० | चौपाया सम्बन्धी सिफारिस | १००।- | |
| १११ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | ३००।- | |
| ११२ | उद्योग ठाउँसारी सिफारिस | ५००।- | |
| ११३ | उद्योग स्थापना सिफारिस दस्तुर | | |
| | ठूला उद्योग | ५००।- | |
| | मझौला उद्योग | ३००।- | |
| | साना उद्योग | २००।- | |
| ११४ | व्यापार व्यवसाय नभएको सिफारिस | १००।- | |
| ११५ | व्यवसाय बन्द सिफारिस | १००।- | |
| ११६ | व्यवसाय संचालन नभएको सिफारिस | १००।- | |
| ११७ | ठेला रिक्सा दर्ता नामसारी ठाउँसारी | ५०।- | |
| ११८ | प्यान तथा भ्याट दर्ता सिफारिस | २००।- | |
| ११९ | प्यान तथा भ्याट बन्द  सिफारिस | २००।- | |
| १२० | कर चुक्ता प्रमाणित सिफारिस (कुल कारोवार रकमको) | ०.०५% | |
| १२१ | संस्था दर्ता सिफारिस (नाफामूखी) र नविकरण | १५००।- | |
| | संस्थाको अनुभवपत्र | ५०० | |
| १२२ | संस्था दर्ता सिफारिस (गैह्रनाफामूखी) | १०००।- | |
| | उपभोक्ता समिति दर्ता/नवीकरण | ५०० | |
| | संस्था नविकरण  सिफारिस (गैह्रनाफामूखी) | ५००।- | |

| | | | |
|---|---|---|---|
| | INGOको हकमा | ५०००।- | |
| १२३ | उजुरी तथा मुद्दा दस्तुर | ५००।- | |
| १२४ | उजुरी तथा मुद्दा दस्तुर (जेष्ठ नागरिक, नावालक, एकल महिला, दलित, लोपोन्मुख जाति, अपाङ्गता भएका व्यक्ति, विपन्न नागरिक  वडाबाट सिफासिर भई आएका) | निशुल्क | |
| १२५ | मिलापत्र कागज गराउने | १००।-देखी १०००।-सम्म प्रकृति हेरी | पटकै पिच्छे थप १००।-हुने । |
| १२६ | कुनै व्यक्ति उपर मुद्धा दर्ता गर्नु परेमा दर्ता शुल्क | ५०।- | उजुरी तथा मुद्धा गरी रु ५५०।- |
| १२७ | न्यायीक समितिबाट आदेश/फैसला भएको कागजातको प्रमाणित प्रतिलिपि | २००।- | |
| १२८ | गाँउपालिकाको ऐन, नियमावली, कार्यविधि संग्रह | ५००।- | |
| १२९ | गाँउपालिका पार्श्वचित्र (profile) | ५००।- | |
| १३० | कार्यालयको कागजात उतार प्रतिलिपि (प्रतिपाना) | ३।- | |
| १३१ | अदालत शुल्क मिनाहा सिफारिस | निशुल्क देखी ५०० सम्म | अख्तियारवालाले तोक्ने |
| १३२ | रुख कटान सिफारिस (प्रति रुख ) खयर,चाँप, ओखर, साल | २५०।- | फुकुवाको निर्णय भएमा |
| १३३ | खोटे सल्ला रुख कटान सिफारिस | १००।- | |
| १३४ | उत्तिस तथा अन्य रुख कटान सिफारिस | १००।- | |
| १३५ | मोवाइल टावर ठुलो | ५०००।- | |
| १३६ | मोवाइल टावर सानो | ३०००।- | |
| १३७ | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर नयाँ) | ५०।- | |
| | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर प्रतिलिपि | ५०।- | |
| | पारिवारिक लगत कार्ड(सरसफाई कार्डको दस्तुर नविकरण) | ५०।- | |
| १३८ | हातहतियार नविकरण/ सिफारिस (परम्परागत) | ५००।- | |
| १३९ | हातहतियार नविकरण/सिफारिस (आधुनिक) | १०००।- | |
| १४० | अन्य प्रमाणित/सिफारिस (अंग्रेजी) माथी उल्लेख नभएको | ५००।- | |
| १४१ | अन्य प्रमाणित/सिफारिस नेपाली र अन्य माथी उल्लेख नभएको | २००।- | |
| १४२ | पशु फर्म दर्ता नविकरण | २५०।- | |
| १४३ | IEE/EIA परिक्षण सिफारिस (कुल  लागतको अंकको भोलिएम हेरी) | | |
| | क) लागत रु १ लाख देखि २० लाख सम्मको | ५००।- | |

| | | | |
|---|---|---|---|
| | ख) लागत रु २० लाख देखि ३० लाख सम्मको | १०००।- | |
| | ग) लागत रु ३० लाख देखि ५० लाख सम्मको | ३०००।- | |
| | घ) लागत रु ५० लाख देखि ७० लाख सम्मको | ५०००।- | |
| | ङ) लागत रु७० लाख देखि १ करोड सम्मको | ८०००।- | |
| | च) लागत रु १ करोड देखि २ करोड सम्मको | १००००।- | |
| | छ) लागत रु २ करोड देखि माथि | १५०००।- | |
| १४४ | गाउँपालिकाको हल भाडा प्रतिदिन | १,०००।- | |
| १४५ | वडा कार्यालयको हल भाडा प्रतिदिन | १०००।- | |
| १४६ | प्रोजेक्टर भाडा प्रतिदिन | १०००।- | |
| | साउण्ड सिस्टम (राजनिती दल १०००/, संघ संस्था ५००) | प्रतिदिन | |
| १४७ | सडक बत्ति वार्षिक | १००।- | |
| १४८ | फोहर मैला व्यवस्थापन प्रतिघर/प्रतिपरिवारवार्षिक | २००।- | साधन प्राप्त भएपछि |
| १७९ | सार्वजनिक शौचालय दोभान बजार र अन्य क्षेत्र प्रयोग शूल्क प्रति व्यक्ति/प्रति पटक | ५ देखि १० | |
| १५० | पौडी पोखरी डुङ्गा समेत प्रति व्यक्ति | २०।- | |
| १५१ | हाटबजार,मेला, खेलकुद सञ्चालन अनुमति | ५०० | |
| १५२ | खानेपानी मुहान दर्ता, नवीकरण अनुमति | ५०० | |
| १५२ | झोले/पोके व्यवसायी पटके कर (दर्ता नभएका व्यवसायी)<br>प्रति पोका (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति पोका (गाउँपालिका बाहिरका व्यवसायी)<br>प्रति टिप्पर/पिकअप/ट्रयाक्टर (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति टिप्पर/पिकअप/ट्रयाक्टर (गाउँपालिका बाहिरका व्यवसायी)<br>प्रति ट्रक (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति ट्रक (गाउँपालिका बाहिरका व्यवसायी) | <br>१००<br>२००<br>३००<br>५००<br>१०००<br>२००० | |

अनुसूची- ६

(दफा ८ सँग सम्बन्धित)

पर्यटन शुल्क

उद्यम, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदाको उपयोग वापत् प्रतिव्यक्ति रु. ५ र १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७६ मा व्यवस्था भएअनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ।

अनुसूची – ७

(दफा ९ सँग सम्बन्धित)

मेरिङदेन गाउँपालिका कार्यालय क्षेत्र र दोभान बजार क्षेत्रभित्र रहेका जग्गाहरुको भूमिकर (मालपोत)

| क्र.सं. | क्षेत्र | (प्रति आना रु.) |
|---|---|---|
| १. | दोभान बजारको बाटो क्षेत्र | २० |
| २. | दोभान बजारको बगर, भीर र पाखो बारी | ०.६ |
| ३. | मेरिङदेन गाउँपालिका कार्यालयको बाटोले छोएको क्षेत्र १५ मि. दायाँ बाँया का लागि | १० |

मेरिङदेन गाउँपालिका निम्न उल्लेखित क्षेत्रभित्र रहेका जग्गाहरुको भूमिकर (मालपोत)

| क्र.सं. | क्षेत्र | (प्रति आना रु.) |
|---|---|---|
| १. | मेरिङदेन गाउँपालिका कार्यालयको १५ मि. दाया बाँया देखि भित्र पट्टिको क्षेत्रको लागि, खाम्लुङ वडा कार्यालय क्षेत्र, थिङलाबु वडा कार्यालय क्षेत्र, ओख्राबु स्थास्थ्य चौकी क्षेत्र, कनका मा.वि. क्षेत्र, चारआली चौक क्षेत्र, कान्छी चौक क्षेत्र, लक्ष्मी मा.वि. क्षेत्र, थुकिमाको त्रिभुवन मा.वि. क्षेत्र, माश्रेङ माङग्गेन्नायक क्षेत्र, वरक खेल मैदान क्षेत्र, सक्राते बजार क्षेत्र, पान्दोलुङ मा.वि. क्षेत्र | १ |

मेरिङदेन गाउँपालिका क्षेत्रभित्र रहेका जग्गाहरुको भूमिकर (मालपोत)

| क्र.सं. | प्रकार | (प्रति रोपनि रु.) | बारी/पाखो (प्रति रोपनी रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | अब्बल | १० | ४ | |
| २. | दोयम | ८ | ३ | |
| ३. | सिम | ६ | २ | |
| ४. | चाहार | ४ | १ | |
| ५. | अलैंची योग्य जमिन | १२ | - | |

अनुसुची - ८

(दफा ११ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै-झगडा, सामाजिक विवाद, द्वन्द्व बापत लगाउने जरिवाना, शुल्क**

| क्र.सं. | प्रकार | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १. | जानाजान सार्वजनिक सडकलाई असर पुग्ने गरी सडकमा पानी/कुलो लगाएमा | पहिलो पटक - ३००० दोस्रो पटक - ५००० तेस्रो पटक - १०००० | |
| २. | नोट : यस खण्डसँग सम्बन्धित अन्य जरिवाना गाउँपालिकाको न्यायिक कानुन बमोजिम हुनेछ। | | |

१. लिनुपर्ने कर शुल्क दस्तुर आदि नलिएमाः
आर्थिक ऐन र अन्य प्रचलित ऐन कानून अनुसार लिनु पर्ने रकम नलिएमा तिर्नुपर्ने रकम नतिरेमा सम्बन्धित व्यक्ति वा संस्थाबाट तोकिएको रकमको थप १०% हुने रकम बराबर असुल उपर गरि विभागीय कारबाही समेत गरिनेछ।

२. व्यवसाय नवीकरण २०७६ साल प्रत्येक असोज मसान्त भित्र गरिसक्नुपर्नेछ। पौष मसान्त सम्म नवीकरण नगर्नेलाई नवीकरण रकमको ५% जरिवाना गरिनेछ। चैत्र मसान्त सम्म नवीकरण नगर्नेलाई नवीकरण रकमको १०% जरिवान गरिनेछ। असार मसान्त सम्म नवीकरण नगर्नेलाई नवीकरण रकमको १५% जरिवाना गरिनेछ। उक्त अवधिमा पनि नवीकरण नगर्नेलाई असार मसान्त सम्मको नवीकरण रकम र जरिवाना दुवै गरि कुल हुन आउने रकमको माथि उल्लेख भए बमोजिम जरिवाना गरिनेछ।